शिवसताक्षी नगरपालिका, झापा

# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २) झापा, पौष १० गते, २०७५ साल (संख्या ७

## भाग १

## शिवसताक्षी नगरपालिकाको
## सूचना

### शिवसताक्षी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको ऐन, २०७५

शिवसताक्षी नगरपालिका, झापा

**प्रस्तावना** : स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) मा लेखिएको अधिकारबमोजिम शिवसताक्षी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम “शिवसताक्षी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५” रहेको ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन शिवसताक्षी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले शिवसताक्षी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले शिवसताक्षी नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले शिवसताक्षी नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त शिवसताक्षी नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

शिवसताक्षी नगरपालिका, झापा

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानूनबमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** : (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही शिवसताक्षी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले,**
**बिष्णु बहादुर अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

शिवसताक्षी नगरपालिका, झापा